का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ कात्तिक २०८०,
शुक्रबार
10 November 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक २८१ । पृष्ठ २०

Madhyanha National Daily

www.madhyanhadaily.com



काठमाडौंको नागार्जुन नगरपालिका-६ स्थित कल्लाबारीमा किसानले व्यावसायिक रुपमा गरेको सयपत्री फूल खेती । तिहारमा आन्तरिक उत्पादनबाटै फूलको माग धान्न व्यावसायिक उत्पादन गर्ने क्रम बढ्दो छ । तस्वीरः हरिराम भेटुवाल, रासस

# निगरानीमा सामाजिक सञ्जाल

नागरिकले निर्वाध चलाउँदै आएका सामाजिक सञ्जालमा पोष्ट भएका विषयलाई निगरानी गर्ने र गलत नियत राखेको पाइए कानूनी कारबाहीको दायरामा ल्याउने गरी सरकार अगाडि बढेको छ । जसमा राजनीतिक दलहरुको मौन समर्थन रहेको पाइन्छ ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २३ कात्तिक ।

सामाजिक सञ्जाल प्रयोगकर्ताहरु सरकारको निगरानीमा पर्ने भएका छन् । सरकारले सामाजिक सञ्जाल सञ्चालन निर्देशिका स्वीकृत गर्दै नागरिकले निर्वाध चलाउँदै आएका सामाजिक सञ्जालमा पोष्ट भएका विषयलाई निगरानी गर्न लागेको छ। सामाजिक सञ्जालमार्फत अगाडि सारिएका विषयमा गलत नियत राखेको पाइए कानुनी कारबाहीको दायरामा ल्याउने गरी सरकार अगाडि बढेको हो । जसमा राजनीतिक दलहरुको मौन समर्थन रहेको पाइन्छ ।

यसका लागि सरकारले सामाजिक सञ्जाल सञ्चालन निर्देशिका नै स्वीकृत गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद बैठकले उक्त निर्णय गरेको हो । सरकारको प्रवक्ता समेत रहेकी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका अनुसार निर्देशिका अब कार्यान्वयनमा जानेछ। निर्देशिकाका विषय सार्वजनिक भइसकेको छैन। यद्यपि सरकारले सामाजिक सञ्जाल सञ्चालनलाई नियमन गर्न खोजेको सरकारी अधिकारीहरु बताउँछन् ।



> सामाजिक सञ्जाल सञ्चालन निर्देशिका स्वीकृत भएको छ । निर्देशिका अब कार्यान्वयनमा जानेछ ।
>
> **रेखा शर्मा**
> सञ्चार तथा सूचना प्रविधि मन्त्री

सरकारी अधिकारीहरुका अनुसार निर्देशिकामा नेपालमा सञ्चालन हुने सामाजिक सञ्जाल अनिवार्यरुपमा दर्ता हुनुपर्ने व्यवस्था गरिएको छ। सामाजिक सञ्जालका प्रयोगकर्ताका लागि पनि विभिन्न व्यवस्था गरिएको छ ।

निर्देशिकामा उल्लेख भएअनुसार अब फेक आईडी बनाउन पाइने छैन । फेक आईडीबाट विषयवस्तु प्रकाशन तथा प्रसारण गर्न पनि पाइने छैन । त्यसैगरी फेक आईडीबाट अरूको विषयवस्तु सेयर गर्ने वा कमेन्ट गर्न रोक लगाइएको छ ।

सामाजिक सञ्जालबाट कुनै समुदाय, जातजाति, लिंग, धर्म, उमेर, वर्ण, वर्ग, पेसा, सम्प्रदाय, वैवाहिक अवस्था, पारिवारिक अवस्था, शारीरिक तथा मानसिक अवस्था, उत्पत्ति, यौनिक अल्पसंख्यक,

»» पृष्ठ २ मा

# अधिकारका लागि जुर्मुराए प्रदेश

अधिकार प्राप्तिका लागि निरन्तर आवाज उठाउँदा पनि नभएपछि बागमती प्रदेश मुद्दा लिएर सर्वोच्च अदालत गएको छ भने मधेश प्रदेशले विरोध प्रदर्शनको चेतावनी दिएको छ । कोशी प्रदेशका मुख्यमन्त्रीले त सिंहदरबारमा धर्ना बस्ने चेतावनी दिएका छन् ।



> ३० दिनभित्र प्रहरी समायोजन गर्नेसहितका माग सम्बोधन नगरे शान्तिपूर्ण आन्दोलन गर्छौं । यसमा सबैको साथ र सहयोगका लागि आह्वान गर्दछौं ।
>
> **सरोजकुमार यादव**
> मुख्यमन्त्री, मधेश प्रदेश



> अधिकार ल्याउन मुद्दा हाल्न सक्छौं । प्रदेशका अधिकार दिन तादरुकता नदेखाए सिंहदरबारमा गएर म धर्ना दिनेछु ।
>
> **केदार कार्की**
> मुख्यमन्त्री, कोशी प्रदेश



**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २३ कात्तिक ।

मधेश प्रदेश सरकारले प्रदेश प्रहरी समायोजन लगायतका ६ बुँदे माग राखी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाएको छ । एक महिनाभित्र माग पूरा नभए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिइएको छ ।

बिहीवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा पुगेर मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवसहितको टोलीले ध्यानाकर्षण पत्र बुझाएका हुन् । संघीयता भएको ८ वर्ष भइसक्दासमेत प्रदेश सरकारले पाउने संवैधानिक अधिकार नपाएकाले यो ध्यानाकर्षण गराउनुपरेको मुख्यमन्त्री यादवले बताए । उनले ३० दिनभित्र प्रदेशका माग सम्बोधन नगरे शान्तिपूर्ण आन्दोलन गर्ने चेतावनी दिए ।

प्रदेश प्रहरी समायोजन सम्बन्ध, संघीय निजामति सेवा ऐनको सम्बन्धमा, सार्वजनिक जग्गाको प्रयोगको

»» पृष्ठ २ मा

# ग्रेडवृद्धि परीक्षामा ७५ प्रतिशत सफल

विद्यार्थीलाई ग्रेडवृद्धि गर्न मौकाको रुपमा लिइएको परीक्षामा ७५ प्रतिशत विद्यार्थी ग्रेडवृद्धि गर्न सफल भएका छन् । यसले विद्यार्थीहरुको मनोबल बढाउन ठूलो भूमिका खेल्ने सरोकारवालाहरु बताउँछन् ।

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २३ कात्तिक ।

कक्षा १२ का विद्यार्थीलाई ग्रेडवृद्धि गर्न मौकाको रुपमा लिइएको परीक्षामा ७५ प्रतिशत विद्यार्थी ग्रेडवृद्धि गर्न सफल भएका छन् । प्रकशित नतिजा अनुसार कुल परीक्षार्थीको ७५.४५ प्रतिशतले ग्रेडवृद्धि प्राप्त गर्न सकेका हुन् । यसले विद्यार्थीहरुको मनोबल बढाउन ठूलो भूमिका खेल्ने सरोकारवालाहरु बताउँछन् ।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले बिहीबार कक्षा १२ को ग्रेडवृद्धि पूरक परीक्षाको नतिजा सार्वजनिक गरेको हो । ग्रेडवृद्धि परीक्षामा एक लाख १७ हजार ८८२ परीक्षार्थीहरु सहभागी थिए । उनीहरुमध्ये ८८ हजार ९४७ जनाले ग्रेडवृद्धि प्राप्त गरेको कार्यालयले जनाएको छ । कार्यालयले १५ जना विद्यार्थीको परीक्षा रद्द गरेको जनाएको छ ।

ग्रेडवृद्धि परीक्षामा कम्तिमा डी ग्रेड प्राप्त गरेका परीक्षार्थीहरुले ७ मंसिर पश्चात ट्रान्सक्रिप्ट, माइग्रेसन, प्रोभिजनल र ग्रेडवृद्धि टीएमपीजी प्रमाणपत्रका लागि रसिद काट्न सक्ने छन् । शैक्षिक प्रमाणपत्र प्राप्त गर्नको लागि कक्षा ११ र १२ मा तोकिएको न्यूनतम ग्रेड प्राप्त गरेको ग्रेडसिट लेजरको प्रमाणित प्रति अनिवार्य रुपमा संलग्न हुनुपर्ने छ । नतिजमा चित्त नबुझेको परीक्षार्थीले १५ दिनभित्र ८ मंसिरभित्र सम्बन्धित कार्यालयमा आवेदन दिन सक्नेछन् । कार्यालयले ९ र १० असोजमा ग्रेडवृद्धि परीक्षा सञ्चालन गरेको थियो ।

**कतारमा रोजगारको अवसर** | **कम्पनीः G4S Qatar** **शहरः Qatar**

पूर्व स्वीकृत मितिः २०८०/७/२३ चलानी नं.: ६०२०५९६८ LT. No.: 294843

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Cashier | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | DRIVER LIGHT | 8 | 0 | | 2500 | ९११२५ | | | | | | | |
| 3. | Female Guards | 0 | 5 | | 1850 | ६७४३२ | | | | | | | |
| 4. | GUARD | 80 | 0 | | 1850 | ६७४३२ | | | | | | | |

अन्तर्वार्ता बाजेको सेकुवा पोखरामा २०८० मंसिर ४ गते (20 November 2023) मा हुनेछ ।
अन्तर्वार्ता सिपि होटल विर्तामोड झापामा २०८० मंसिर ५ गते (21 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Orchid Overseas (P.) Ltd.
Gov. Lic. No. 889/067/68
Ram mandir Marga, Gaushala-9, Kathmandu, Tel.: 01-5913651, 5913652
Mobile: 9851048627 | 9823779431
Pokahra Branch: 061-591031/ 591032| 9802853454| 9820614821
Jhapa Branch: 023-531316| 9802078705| 9801458705| 9801433123
**Email:** orchidhrinfo.np@gmail.com | **Web:** orchidhr.com.np

## वैदेशिक रोजगार विशेष

# पोर्चुगलमा नेपाली दूतावास खोल्ने निर्णय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ कात्तिक

नेपालले युरोपेली मुलुक पोर्चुगलमा नेपाली दूतावास स्थापना गर्ने निर्णय गरेको छ । कात्तिक पहिलो साता बसेको मन्त्रिपरिषद् बैठकले युरोपेली मुलुक पोर्चुगलमा आवासीय दूतावास खोल्ने निर्णय गरेको थियो । बिहीबार बसेको मन्त्रिपरिषद बैठकले उक्त दूतावासका लागि सनिल नेपाललाई राजदूत सिफारिस गर्ने निर्णय गरेको छ ।

नेपालले हालसम्म ३० आवासीय दूतावास, ३ स्थायी नियोग र ७ महावाणिज्य दूतावास गरी ४० वटा कूटनीतिक नियोगहरू सञ्चालन गरिरहेको छ। तर ती नियोगहरूले अपेक्षा र आवश्यकताअनुसार काम नगरेको टिकाटिप्पणी भइरहेको बेला युरोपेली मुलुक पोर्चुगलमा दूतावास र राजदूत नियुक्तिको समाचार सार्वजनिक भएको हो ।

सरकारको निर्णय सार्वजनिक भएसँगै पोर्चुगलमा नेपालीहरू स्थायीरूपमा नबस्ने र केवल उक्त मुलुकलाई सेन्जेन मुलुक जाने ट्रान्जिटका रूपमा रहेको भनी टिकाटिप्पणी भएको छ। आर्थिक मन्दीका कारण उत्तर कोरियाले नेपालमा रहेको आफ्नो दूतावास बन्द गरेको अवस्थामा रेमिट्यान्समा निर्भर नेपालले किन पोर्चुगलमा दूतावास खोल्न हतारिएको ? भन्ने प्रश्न पनि उठाइएको छ ।

»» पृष्ठ २ मा

## इस्टोनिया पठाइदिन्छु भन्दै ठग्ने पक्राउ

काठमाडौं / मस- वैदेशिक रोजगारीका लागि इस्टोनिया पठाइदिन्छु भन्दै ३४ लाख रुपैयाँ ठगी गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । जनक बरालसमेत ५ जनालाई वैदेशिक रोजगारीका लागि इस्टोनिया पठाइदिन्छु भन्दै गोरखा पृथ्वीनारायण नगरपालिका वडा नं. ६ घर भइ हाल जिल्ला काठमाडौं तार्केश्वर नगरपालिका वडा नं. १ बस्ने ३५ वर्षीय राजेश श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको हो ।

»» पृष्ठ २ मा

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२४ कात्तिक २०८०, शुक्रबार
10 November 2023, Friday

# ‘सुशासन कायम गर्न सरकार दृढतापूर्वक लागेको छ’



**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्न सरकार दृढतापूर्वक अगाडि बढिरहेको बताएका छन् ।

‘प्रतिमान-नीमा स्मृति प्रतिष्ठान’को २० औं वार्षिकोत्सवलाई बिहीबार सम्बोधन गर्दै उनले सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकतासहित अगाडि बढेको वर्तमान सरकार देशमा विद्यमान चुनौतीलाई अवसरमा बदल्न क्रियाशील रहेको बताए ।

उनले भने, ‘दश महिनाको अवधिमा अर्थतन्त्रको सङ्कट अन्त्य गर्दै अर्थतन्त्रमा परेको दबाब अन्त्य गर्न मेहनत गरिएको छ । अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक छन्, यद्यपि दबाब अन्त्यका लागि रणनीतिक कदम चाल्नुपर्ने आवश्यकता महसुस भएको छ ।’

आफ्नो भारत, इटाली, अमेरिका र चीन भ्रमणबाट नेपालको राष्ट्रिय हित प्रवर्द्धनमा योगदान भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले हालै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले गरेका नेपाल भ्रमण र नेपालप्रति व्यक्त विचारले सिंगो विश्वको ध्यान नेपालमा केन्द्रित भएको बताए ।

उनले भने, ‘यसले शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी कानूनको तर्जुमा, जलवायु परिवर्तनले नेपालमा पारेको बहुआयमिक प्रभावलाई कम गर्न, कार्बन उत्सर्जन नियन्त्रणबापत नेपालले प्राप्त गर्नुपर्ने ‘रोयल्टी’, जलवायु परिवर्तनका क्षेत्रमा नेपाल नेतृत्व देशका रूपमा प्रस्तुत हुने आधार प्रस्तुत गरेको छ ।’

जाजरकोट भूकम्पबाट भएको अकल्पनीय क्षतिले देश शोकमा परेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भूकम्पपछि उद्धार र राहतमा सरकारले लिएको पहलकदमीले पुनःस्थापनामा पनि प्रभावकारी र वैज्ञानिक भूमिकाको आधार तयार भएको बताए ।

‘सरकारले २०७२ को भूकम्पबाट शिक्षा लिएर यसपटक वैज्ञानिक र व्यवस्थितरूपमा पुनःस्थापनाको काम अगाडि बढाउने छ’ उनले भने ।

पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले मुलुकको सामाजिक-आर्थिक विकासका लागि सरकारको मात्र मुख नताकी जनताले पनि खुला हृदयले पनि सहयोग गर्नुपर्ने बताए । उनले प्राविधिक जनशक्ति उत्पादन गर्न प्रतिमान-नीमा स्मृति प्रतिष्ठानले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकामा त्यसको सराहना गरे ।

विसं २००७ को प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याएका प्रतिमान चन्द बोहराको स्मृतिमा स्थापित उक्त प्रतिष्ठानले देशका विभिन्न स्थानमा रहेका विद्यालयमा स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ ।

## अधिकारका...

सम्बन्धमा, गुठी जग्गाको सम्बन्धमा, अर्थसम्बन्धी समस्या सम्बन्धमा र अभियोजन सम्बन्धमा आधारित भइ ज्ञापन बुझाएको उनको भनाइ छ । ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री पुष्पकमल दाहालले मागहरू जायज भएको र ३० दिनभित्र सम्बोधन गर्ने प्रतिवद्धता जनाएका छन् ।

मुख्यमन्त्री यादवले प्रदेश अधिकारका लागि सबै प्रदेशका मुख्यमन्त्रीहरूलाई मिलेर अघि बढ्न आह्वान समेत गरे । उनले भनेका छन्, ३० दिनभित्र प्रदेशका माग सम्बोधन नगरे शान्तिपूर्ण आन्दोलन गर्छौं । यसमा सबैको साथ र सहयोगका लागि आह्वान गर्दछौं ।’

बिहीबार नै कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेशको अधिकार स्थापना गर्न सिंहदरबारमा धर्ना बस्ने अभिव्यक्ति दिएका छन् । बिहीबार विराटनगरस्थित प्रदेश सभामा मुख्यमन्त्रीसँग प्रश्नोत्तरका क्रममा मुख्यमन्त्री कार्कीले केन्द्र सरकारले प्रदेशको अधिकार संकुचित गर्दै गए सिंहदरबारमा धर्ना बस्ने बताएका हुन् ।

‘प्रदेश सरकारले जनतालाई प्रत्याभूत गराउने अधिकार केन्द्र सरकारले निदिएर कब्जा गरेका अधिकार ल्याउन मुद्दा हाल्न पनि सक्छौँ’ उनले भनेका छन्, ‘सिंहदरबारको घेराभित्र संविधानले दिएको प्रदेशको अधिकार प्रदेशमा ल्याउन सिंहदरबारमा गएर म धर्ना दिनेछु । केन्द्र सरकारले प्रदेशका अधिकार दिन तदारुकता नदेखाए मुख्यमन्त्रीको हिसाबले सिंहदरबारमा धर्ना दिन्छु ।’

प्रदेश अधिकार ल्याउन मुख्यमन्त्री कार्कीले प्रदेश सभासमक्ष अधिकार पनि माग गरे । अगाडि भनेका छन्, ‘केन्द्र सरकारले अधिकार दिन तदारुकता नदेखाए, प्रदेशको अधिकार छिट्टै ल्याउने अभियानमा लाग्छु र सम्मानित सभासँग अनुमति पनि लिन चाहन्छु ।’ कोशी प्रदेशका मुख्यमन्त्रीले मुद्दा हाल्ने चोतावनी दिइरहँदा बागमती प्रदेश सरकारले यसअघि नै संघीय सरकारविरुद्ध सर्वोच्च अदालतमा मुद्दा हालिसकेको छ । संविधानतः प्रदेशको एकल अधिकार सूचीमा सवारीसाधन कर, यातायात र प्रदेश लोकमार्ग रहेता पनि संघीय सरकारले आफू मातहत रहनेगरी ऐन पारित गरेको भन्दै बागमती प्रदेश सरकारले सर्वोच्च अदालतमा दायर गरेको मुद्दा बिचाराधीन छ । संघीय सरकारले यातायात व्यवस्थापन प्राधिकरण ऐन, २०७९ पारित गरेर राजपत्रमा पनि प्रकाशित गरेपछि प्रदेशले आइतबार रिट दायर गरेको हो ।

बागमती प्रदेश सरकारले गत २७ भदौमा संघीय सरकारविरुद्ध सर्वोच अदालतमा रिट दायर गर्ने निर्णय गरेको थियो ।प्रदेश सरकारको अधिकार कटौती हुने गरी ऐन नबनाउन अनुरोध गर्दा पनि संघीय सरकारले राजपत्रमा प्रकाशन गरेपछि मुद्दा दायर गरिएको जनाइएको छ । संघीय सरकारले संघीयतामाथि अतिक्रमण गरेको प्रदेश सरकारको आरोप छ । यही बेला मधेश सरकार र कोशी प्रदेश सरकार पनि संघीय सरकारविरुद्ध उत्रिन लागेको हो ।

अधिकार प्राप्तीका लागि निरन्तर आवाज उठाउँदा पनि नभएपछि बागमती प्रदेश मुद्दा लिएर सर्वोच्च अदालत गएको छ भने मधेश प्रदेशले विरोध प्रदर्शन चेतावनी । कोशी प्रदेशका मुख्यमन्त्रीले त सिंहदरवारमा धर्ना बस्ने चेतावनी दिएका हुन् ।

## निगरानीमा...

भाषाभाषी तथा कानुनले संरक्षण गरेका अन्य समूह वा वर्गलाई लक्षित गरी घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने प्रकृतिका अभिव्यक्ति दर्शाउने शब्द, श्रव्य दृश्य, तस्बिर सेयर गर्ने एवम ट्रोल बनाएर प्रकाशन र प्रसारण गर्न पाइने छैन ।

अरूलाई होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृश्य, तस्बिर, ट्रोल बनाएर घृणायुक्त अभिव्यक्ति, गाली बेइज्जती गर्ने प्रकारको क्रियाकलाप गर्न पनि रोक लगाइएको छ । डिजिटल माध्यमको प्रयोगबाट कुनै व्यक्तिको तस्बिर विकृतरूपले परिमार्जन गरी प्रकाशन वा प्रसारण गर्न रोक लगाइएको छ ।

निर्देशिकामा सार्वजनिक प्रकृतिकाबाहेक निजी मामिलाका फोटो भिडियो अनुमतिबिना खिचेर प्रकाशन र प्रसारण गर्न नहुने भनिएको छ । यसैगरी, अश्लील शब्द, तस्बिर, भिडियो, अडियो एनिमेसन प्रसारण तथा प्रकाशन गर्न पाइने छैन ।

## पोर्चुगलमा...

यद्यपि २० हजारभन्दा बढी नेपालीहरु रहेको पोर्चुगलमा नेपाली कूटनीतिक नियोग खोल्नुपर्ने माग भने लामो समयदेखि उठिरहेको थियो ।

## इस्टोनिया...

श्रेष्ठले बराललगायतका व्यक्तिहरूबाट ३४ लाख १३ हजार रुपैयाँ ठगी गरेको प्रहरीले दाबी गरेको छ । बुधबार काठमाडौंको नयाँ बानेश्वरबाट पक्राउ परेका श्रेष्ठलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ । श्रेष्ठले प्रतिव्यक्ति करिब सात लाख रूपैयाँका दरले ३४ लाख १३ हजार रुपैयाँ लिएर फरार भएको भन्दै वैदेशिक रोजगार विभागमा किटानी उजुरी परेको थियो । इस्टोनिया उत्तरी युरोपको बाल्टिक क्षेत्रमा पर्दछ । यसअघि युरोपका अन्य मुलुकमा वैदेशिक रोजगारका लागि पठाएदिने भन्दै ठगी गरेको उजुरी पटक-पटक पर्ने गरेको भएपनि इस्टोनियामा पठाउने भन्दै ठगी गरेका उजुरी कम आउने गरेको विभागले बताएको छ । गत वर्ष व्यक्तिगतरुपमा उक्त मुलुकमा ८ जनामात्रै नेपाली पुगेका थिए ।


## श्री रानी सा.ब.उ. समुह गन्यापधुरा १ कुचाकोट डडेल्धुराको काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०७/ २४ गते**

यस सा.ब.उ.स.को बन क्षेत्रबाट आ.ब. ०७८/७९ मा उत्पादन भई गन्यापधुरा १ घाटगढीमा रहेको लट नं.१ को सल्ला गोलिया थान ए ग्रेड थान २७ को ५९७.३८ क्युफिट काठ ग्रेड बि को ३१ थान को ३८५.८६ क्युफिट काठ र जम्मा गोलिया थान ५८ को ९८३.२४ क्युफिट काठ जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि शिलबन्दी बोलपत्रद्धारा बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक ब्यक्ति,संघ,संस्था फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र शिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिन शिलबन्दीको बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस सा.ब.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस सा.ब.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पुर्ण ब्यहोराको सूचना यस सा.ब.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**



## Kumakh Rural Municipality
## Office of Rural Municipal Executive
**Karnali Province**
**Ragechaur, Salyan**

## Invitation for Bids

**Date of publication: 2080/07/24 ( 2023/11/10)**

**Invitation for Bids for the: Piple to Seticumb Hudai Neta Samma Rural Road Upgrading Works.**

Kumakh Rural Municipality Office, Salyan invites only electronic bids from Nepalese eligible bidders for the construction of below mentioned Road works under National Competitive Bidding procedures.

| S. No. | Contract No. | Description | Bid Security | Estimated Amount Without VAT and Contingencies | Bid Document Deposit fee NRs |
|---|---|---|---|---|---|
| 1 | KRM-NCB-W-04/2080/081 | Piple to Seticumb Hudai Neta Samma Rural Road Upgrading Works. | 2,46,000 | 82,09,883.69 | 3000 |

1. Eligible Bidders may obtained further information & inspect the bidding document at Kumakh Rural Municipality, Office of Rural Municipal Executive, Ragechaur salyan. Phone: 9857844801, Email: ito.kumakh2073@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidders may download the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp, Bidders submitting their bid electronically, should deposite NRs. **3000** for the cost of bidding document in the project Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposite vouchar shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of the Bank : **Himalayan Bank Ltd, Kumakh Branch**
   Name of Office : **Kumakh Rural Municipality, Ragechaur salyan**
   Rajaswa (revenue) Account No : **05907797630011**
   Office Code : **305016001**
3. Pre-Bid mitting shall not be held.
4. Electronic bids must be submitted to the office **Kumakh Rural Municipality** through PPMO website **www.bolpatra.gov.np/egp** on or before 12:00 Noon **2080/08/24 (10**-12-2023). Bids receive after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at 13:00 Hrs on **2080/08/24** (10-12-2023**)** at the Kumakh Rural Municipality Office, salyan. Bids must be valid for a period of **90 day's** and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of above bids security, which shall be valid for **30 day's** beyond the validity period of bid.
6. If the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## Damak Municipality
## Office of Municipal Executive
**Damak, Jhapa**
**Koshi Province, Nepal**

## Invitation for Online Bids

**Date of publication: 2023-11-10 A.D. (2080-07-24 B.S.)**

1) Damak Municipality, Damak, Jhapa invites online bids under e-procurement system from eligible bidders for the following works:

| S. N. | Name of Project | Contract ID No. | Bid Security Amount | Cost of Bid Document | Bid Validity Period | Estimated Amount (With VAT) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of hawaldar chowk west panchthare marga Drain Construction, Damak1 | DMO/JHAPA/ROAD/26/080-81 | 90,000.00 | 3,000.00 | 120 DAYS | 3,553,167.65 | 2023-12-12 12:00 | 2023-12-12 13:00 |

2) Eligible Bidders may obtain further information and inspect the bidding documents at Damak Municipality, Damak, Jhapa, Phone No. 023-580502 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3) A complete set of bidding documents may be downloaded for e-submission from PPMO's website www.bolpatra.gov.np/egp and should deposit the cost (as specified above) of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document and bid security in Bank is as follows:

| Bid Document Fee | | | Bid Security | | |
|---|---|---|---|---|---|
| Name of the Bank | : | Rastriya Banijya Bank, Damak, Jhapa | Name of the Bank | : | Rastriya Banijya Bank, Damak, Jhapa |
| Name of Office | : | Damak Municipality, Damak, Jhapa | Name of Office | : | Damak Municipality, Damak, Jhapa |
| Account Name | : | Aantarik Rajaswa Khata | Account Name | : | Dharauti Khata |
| Account No. | : | 2140100301010002 | Account No. | : | 2140100303000002 |

4) Pre-bid meeting shall be held at Damak Municipality, Damak, Jhapa as per mentioned in e-bid system.
5) If the last date of opening bid falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**
**Damak Municipality**

# रेशम चौधरीको कैद माफीविरुद्धको रिटको पेसी पुसमा

**काठमाडौं/मस–** नागरिक उन्मुक्ति पार्टीका संरक्षक तथा टीकापुर हत्याकाण्डमा अदालतबाट दोषी ठहर रेशमलाल चौधरीको कैद माफीविरुद्धको रिटको पेसी झण्डै दुई महिनापछि धकेलिएको छ ।

बिहीबार अदालत प्रशासनबाटै स्थगित रेशमको माफीविरुद्धको रिटको सुनुवाइ फेरि आउँदो पुस १६ गतेका लागि तोकिएको हो । बिहीबार पेसी भए पनि चौधरीलाई माफीविरुद्धको रिट स्थगितमा परेको थियो । सरकारले सजाय माफी दिएको यस रिटमा ५ महिनादेखि सुनुवाइ हुन सकेको छैन ।



सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गणतन्त्र दिवसको अवसरमा बाँकी कैद मिनाहा गरिदिएपछि चौधरी गत जेठ १५ गते रिहा भएका थिए । राष्ट्रपतिको त्यसनिर्णयविरुद्ध टीकापुर घटनामा मारिएका सशस्त्र प्रहरी निरीक्षक केशव बोहोराकी श्रीमती शारदा कडायतले सर्वोच्चमा रिट दायर गराएकी थिइन् । जेठ १६ गते दर्ता गरिएको रिटमा जेठ २३ गते न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासले चौधरीको बाँकी कैद मिनाहा गर्नुको कारण माग्दै मुद्दालाई अग्राधिकार दिने आदेश भएको थियो ।

# वडाध्यक्ष महतो पूर्पक्षका लागि कारागार चलान

**सर्लाही/मस–** सर्लाहीको धनकौल गाउँपालिका वडा नं ५ का वडाध्यक्ष गजेन्द्र महतोलाई पूर्पक्षका लागि कारागार चलान गर्न सर्लाही जिल्ला अदालतले आदेश दिएको छ ।

अदालतका न्यायाधीश सूर्यबहादुर थापाको इजलासले वडाध्यक्ष महतोलाई ज्यान मार्ने उद्योगमा पूर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएको अदालतका श्रेस्तेदार सदन अधिकारीले जानकारी दिए । उनका अनुसार केही महिनाअघि केही मानिस घाइते हुने गरी गाउँमै भएको कुटपिटको घटनामा वडाध्यक्ष महतोसमेत संलग्न रहेको भनि जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान उद्योगमा वडाध्यक्ष महतोविरुद्ध मुद्दा दायर भएको थियो ।

मुद्दा दायर भएदेखि फरार रहेका महतो अदालतमा आफैं उपस्थित भएपछि अदालतको इजलासले उनलाई पूर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएको न्यायधीश थापाले जानकारी दिए ।

# मालपोतका दुई कर्मचारीविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीका नायब सुब्बा सुदिप कटुवाल र खरिदार रमेश अधिकारीविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेको छ ।

जग्गा नामसारी गरेबापत सेवाग्राहीसँग एक लाख ५० हजार रुपैयाँ घुस माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिएको टोलीले उनीहरुलाई उक्त परिमाणको घुसबापतको रकम लिइसकेको अवस्थामा गत असोज १२ गते नियन्त्रणमा लिएको थियो । आयोगका अनुसार अनुसन्धानको सिलसिलामा कटुवाल र अधिकारीको आपसी मिलोमतो तथा योजनामा अंशवण्डा नामसारी गरी दिएबापत सेवाग्राहीसँग एक लाख ५० हजार रुपैयाँ घुस माग गरी लिएको पुष्टि भएपछि एक लाख ५० हजार रुपैयाँ बिगो कायम गरी बिहीबार विशेष अदालतमा मुद्दा दायर गरिएको हो ।




### भारतीय नागरिकविरुद्ध विशेष अदालतमा मुद्दा

किर्ते कागजात बनाएर बिक्री गरिएको जग्गा प्रकरणमा भारतीय नागरिक अनुप मेहरामाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेषमा मुद्दा दायर गरेको छ । विशेष अदालत काठमाडौंमा विचाराधीन रहेको मुद्दामा मेहरा फरार थिए ।

गैरनेपाली नागरिकलाई नक्कली जग्गाधनी खडा गरी जग्गा बिक्री वितरण गरी भ्रष्टाचार गरेको मुद्दामा जग्गा बिक्रीकर्ता मेहरा रहेको आयोगको छानबिनबाट देखिएको थियो । भारतीय नागरिक मेहराले हदबन्दीबाट नेपाल सरकारको नाममा आउनुपर्ने जग्गाहरू भूमिसुधार कार्यालय नवलपरासीका तत्कालीन भूमिसुधार अधिकारीलाई प्रलोभनमा पारी मिलेमतो गरी गलत कागजातका आधारमा कानुन विपरीत तीन परिवार संख्या कायम गरी गैर-कानूनी निर्णय गर्न लगाएका थिए । मेहरालाई सहयोग गर्ने नवलपरासीस्थित मालपोत कार्यालयका तत्कालीन कार्यरत प्रमुख मालपोत अधिकृतसमेतलाई यसअघि नै आयोगले विशेषमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । मेहराको नामबाट बिक्री वितरण भएको जग्गाको लिखत मूल्य पाँच करोड पाँच लाख ४२ हजार थियो ।

जग्गा बिक्री गर्ने कसुरमा संलग्न भारतीय नागरिक मेहरालाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा १ (ज) र सोही ऐनका दफा १७, दफा ९ र दफा १२ बमोजिमको कसुरको सम्पत्ति लिने खाने प्रकारको मतियार रूपमा आयोगले विशेषमा मुद्दा दर्ता गरेको थियो । आयोगका प्रवक्ता भोला दाहालका अनुसार यसअघि मुद्दा दर्ता गरिएका मालपोत र भूमिसुधार कार्यालयका कर्मचारीलाई गरिएको सजाय सरह भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुरमा सजाय मागदावी गरिएको छ ।


## अन्नपूर्ण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
माछापोखरी,कास्की
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशन मिति २०८०/०७/२४)

यस कार्यालयबाट मिति २०८०/०६/१२ गते मध्यान्ह राष्ट्रिय दैनिक प्रकाशित सूचना अनुसार निम्नअनुसारको ठेक्काहरुमा निम्न बोलपत्रदाताहरुको बोलपत्र यस कार्यालयको बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भै आएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना | स्वीकृत रकम रु. (भ्याट र ए.क. सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | ARM/W/ NCB/R/ 2080/81-02 | Lumle Tanchowk Bhichuk Landruk Road (GON) | B.R. Dahal Construction & Suppliers Pvt.Ltd. | 71,05,162.4 NPR | |
| 2 | ARM/W/ NCB/R/ 2080/81-03 | Lumle Ghumti Chandrakot Bhichuk Landruk Road | Sundar Pokhara Nirman sewa | 70,17,657 NPR | |
| 3 | ARM/W/ NCB/R/ 2080/81-04 | Construction /Upgrading of Ghandruk Swai Dhamle Kotgau Road | Amu Construction and Suppliers Pvt. Ltd | 1968710.01 NPR | |

प्रमुख प्रशासकिय अधिकृत

हार्दिक बधाई तथा शुभकामना

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था
Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Your Financial Friend
Dillibazar, Charkhal Road, Kathmandu, Nepal
Ph.: 01-4437401/4437403, Fax: 01-4011525
Email: info@gurkhasfinance.com.np
URL:www.gurkhasfinance.com.np
सफलताको २९ औं वर्षमा प्रवेश

सफलतापूर्वक २८ औं वर्ष पुरा गरी २९ औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
Sunrise Biz Park, Dilibazar, Kathmandu
P.O Box No. 2755
Email:-info@lumbinibikasbank.com
Phone:- 01-4413525/4413232/4421696/4421698/4441642
Fax:- 01-4413290

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
Head office:Omkar Building,Second Floor
Naya Baneshwor, GPO Box :23170,Kathmandu,Nepal
Tel:01-4792517,4794170,4793185,Fax:01-4792534
Email:info@manjshreefinance.com.np
www.manjushreefinance.com.np

SCT
SmartChoice Technologies Ltd.
Thirbam Sadak, Baluwatar, Kathmandu-4, Nepal

F1Soft International Pvt. Ltd.
Pulchowk, Lalitpur, Nepal
Tel: 01-5439131
Email: info@f1soft.com
Web: www.f1soft.com

गोरखा मीलेनियम बहुउद्देश्यीय सहकारी संस्था लि.
GURKHA MILLENNIUM MULTI-PURPOSE CO-OPERATIVE LTD.
Minbhawan, New Baneshwor
Kathmandu, Nepal
Phone: 014622883, 4622844,4621137
Email: info@gurkhaml.com
Website: www.gurkhaml.com

InfoDevelopers Pvt. Ltd
Sanepa-2, Lalitpur, Nepal
P.O. Box: 5552,
Phone: 977-1-5970061, 977-1-5970062
Website: www.infodev.com.np
Email: info@infodev.com.np
FINSYS INFINITY EMPOWER WEALTH iOFFICE

Reliable Life INSURANCE LTD.
...Reliable Forever
Corporate Office: Gyaneshwor, Kathmandu
Phone No: +977-01-4523618, 4523630, Fax No: +977-01-4523657
Email: info@reliablelife.com.np, Url: www.reliablelife.com.np

ALL LINK
EG Home Service
Putalisadak, Kathmandu
Krishna Shrestha
9841848040
We Deal: Photocopy, Printer, Fax, Computer Maintainence, All Kinds inject and Laser Cartage Refilling
Spare parts & Recondition Printers & Photocopy Machines are also available here.

rup interiors
CREATING YOUR IMAGINATION
Gongabu, Kathmandu
Ph.: 01-4983247
E-mail: rupinteriors@gmail.com

Er. Ghanshyam Pathak
Nep. Develop Engineering Consultancy Pvt. Ltd.
Birendranagar, Surkhet
Mob.: 9858053601

Plan Builder Pvt. Ltd.
M.D. Durga Pd. Kurumbang
Dharan-12, Chatara Line
Mob.: 9810534445

Er. Brijendra K.C
Annapurna Engineering Consultancy
Pokhara-16, Lamachaur
Mob.: 9856029202

Er. Ameen Halwai
Royal Nepalgunj Engineering Consultancy Pvt. Ltd.
Nepalgunj-2, Banke
Mob.: 9868183525

Global Destination Engineering Solution Pvt. Ltd.
Dhangadi-8, Kailali
Mob.: 9809877649

Global Tech Engineering Consultants
Er. Chij Kumar Thapa Magar
Pokhara-8, Kaski
Mob.: 9856037114

Sahara Engineering Consultancy
Er. Sandeep Basnet
Damak-1, Jhapa
Mob.: 9852683883

The Griha Engineering Consultancy
Er. Bivek Shrestha
Mechinagar-7, Ittabhatta
Mob.: 9851241160, 9852691582
9861091582

Binod Rai
Director
Air Multi Pvt. Ltd.
Kalikasthan, Kathmandu, Nepal.
Tel.: 01-5901877, Mobile: 9851168899
E-mail: airmulti11@gmail.com

New Dynamic Engineering Consultancy
Er. Prakash Basnet
Kohalpur, Banke
Mob.: 9868160887

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

PRABHU Money Transfer
Toll Free No.: 1660-01-44444
www.prabhumoneytransfer.com.np

NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट
www.nepalremit.com

## छिन्नमस्ता गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश, नेपाल

### छिन्नमस्ता गाउँपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी बनाउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा गाउँपालिकाबाट नक्सा पास गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस गाउँपालिकालाई सहयोग गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- गाउँबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर गाउँपालिकामा बुझाउने गरौं ।
- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- बालश्रमको प्रयोग नगरौं । गाउँपालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं । महिला हिंसारहित समाज बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुले पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।

## सम्पादकीय

# गल्ती सच्याउने अवसर

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई मधेश प्रदेशको सरकारसहित राजनीतिक दलहरूले ६ बुँदे ज्ञापनपत्र बुझाउँदै एक महिने अल्टिमेटम दिएका छन् । माग पूरा नभए आन्दोलनमा उत्रने उनीहरूले चेतावनी दिएका छन् । मुख्यमन्त्री सरोजकुमार यादवसहित नेताहरूले बुझाएको ज्ञापनपत्रमा प्रदेश प्रहरी, निजामति कर्मचारी, राजश्व बाँडफाँड, गुठी जग्गा लगायतबारे ऐन संशोधन गरिनुपर्ने उल्लेख छ । उक्त टोलीलाई प्रधानमन्त्री प्रचण्डले माग सम्बोधनको प्रयत्न गर्ने आश्वासन दिएका छन् । तर राजनीतिक सहमति जुट्न नसक्दा ऐन संशोधन प्रक्रिया अगाडि बढाउन जटिलता रहेको पनि प्रधानमन्त्री प्रचण्डले बताए । अर्थात् मधेश प्रदेशका नेताहरूले संविधान प्रदत्त अधिकार राखेको माग सम्बोधन हुने तत्काल संभावना देखिदैन । तर पनि दोष जति अरूलाई दिएर प्रधानमन्त्री प्रचण्डले नेताहरूको मन जित्ने प्रयत्न गरेका छन् ।

प्रधानमन्त्री प्रचण्डले मधेशबारे वास्तविकता लुकाएर दोहोरो भूमिका देखाउने गरेको यो पहिलोपटक होइन, लामै शृङ्खला छ । संविधान जारी हुँदै गर्दा पनि प्रचण्डले मधेशसँग 'लभ' परेको अभिव्यक्ति दिने गरेका थिए भने संविधानका अन्तर्वस्तुमा एकमत रहेको भन्दै मधेशी दलहरूसँगै मोर्चामा पनि थिए । तर संविधान जारी हुने बेला मधेशी दलहरू किनारामा परे । संविधानप्रति असन्तुष्टि जनाउँदै २०७४ को चुनावमा भाग लिदा भने मधेशमा मधेश केन्द्रीत दलहरूले नै जितेर सरकार बनाए । नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र नरहेको मधेश सरकारले अघिल्लो कार्यकालमा पनि प्रदेशलाई संविधानप्रदत्त अधिकार दिइनुपर्ने माग राखेर मुद्दा मामिलामै उत्रिएको थियो ।

त्यसबेला मुलुकमा नेकपाको सरकार थियो, उनीहरूको माग सम्बोधन भएन । माओवादी र एमालेबीच एकता हुँदा प्रचण्ड नेकपाका अध्यक्ष थिए । तर त्यस्तो शक्तिशाली भूमिकामा रहँदा प्रचण्ड प्रदेशलाई अधिकार सम्पन्न बनाउनेतिर उदासिन देखिए । बरू प्रचण्ड आफैले लिएको कतिपय निर्णय संघीयतालाई कमजोर बनाउने प्रकृतिको थियो । त्यसको बलियो उदाहरण हो, मधेश बाहेक कुनैपनि प्रदेशको नामाकरण पहिचानको आधारमा हुन नसक्नु । ६ वटै प्रदेशको नाम भूगोलको आधारमा राख्न प्रचण्ड तयार भएका थिए । अझ समावेशी प्रतिनिधित्व गराउने निर्णयमा लगभग अनुदार नै देखिए । अहिले जबकी उनी कमजोर छन्, र गठबन्धन लाग्दा पनि कतिपय निर्णय हुन सक्दैनन्, त्यस्तो बेला आफू संघीयताप्रति प्रतिबद्ध रहेको बताएका छन् । अनि एकपछि अर्कोगरी प्रदेशहरू भने संघीय सरकारसँग आफ्नो माग राखेर मुद्दामामिला र आन्दोलनमा उत्रिएका छन् । पक्कैपनि प्रदेशहरूको माग सम्बोधन गर्न सजिलो छैन । तर दोहोरो भूमिका त्यागेर प्रचण्डले राष्ट्रिय सहमतिमार्फत एउटा प्रष्ट निर्णय लिने अवसर भने पाएका छन् ।

# शैक्षिक गुणस्तर र स्वायत्ततामा प्रश्न

अग्रलेख



● डा. दिबाकर वशिष्ठ

नेपालमा विदेशी विश्वविद्यालयको बढ्दो आगमन र कक्षा १२ को परीक्षाफल प्रकाशित नहुँदै उनीहरूबाट विद्यार्थी भर्ना प्रक्रिया धेरै अगाडि बढिसकेको एकातर्फ देखिन्छ भने अर्कोतर्फ नेपालका विश्वविद्यालयमा विद्यार्थी भर्नामा देखिएको शिथिलता स्वदेशमा सञ्चालित विश्वविद्यालय विदेशी विश्वविद्यालयको चेपुवामा परेको अवस्थाले कन्तबिजोग बनायो भन्नेहरूको कमी छैन । जसको कारण नेपालको मौलिक शिक्षा प्रणालीसमेत समाप्त हुँदै गएको छ । जिम्मेवार पदका आसीन उच्च पदस्थ कर्मचारी, नेता तथा व्यवसायी एवम् शिक्षाविद्हरूले नै विदेशी शिक्षाको भरणपोषण गर्दै आएको र उनीहरू आफै उक्त विश्व विद्यालयको सञ्चालक र मालिकसमेत रहेकोप्रति सबै जानकार छन् । नेपालका विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजमा कोटा प्रणाली, चिकित्सा शिक्षा आयोगको परीक्षा नीति, प्रवेश परीक्षा, परीक्षामा फेलको प्रतिशत बढ्दो, कडा परीक्षा प्रणाली र समयमा परीक्षा नहुने र नतिजा प्रकाशनमा हुने ढिलाई, रोजगारीको अभाव एवम् व्यवसायिक शिक्षाको कमी साथै, विदेश जाने बढ्दो क्रेजले विदेशी विश्वविद्यालयप्रति नेपाली विद्यार्थीको मोह बढेको एक अनुसन्धानले समेत उजागर गरेको छ ।

तथ्याङ्कलाई केलाउँदा हाल १२ कक्षा पास गरेका विद्यार्थीमध्ये करिब ८० प्रतिशत बाहिरी मुलुक जाने तरखरमा देखिन्छन् । यसको संकेत हो अब विद्यार्थीको चरम अभावले कलेज बन्द हुने स्थिति विकराल बन्दैछ । नेपालका विश्वविद्यालयले कलेजको इजाजत र शैक्षिक कार्यक्रमको इजाजत दिन आनाकानी गर्ने, मौका मिलेसम्म ठूलो रकम घुस खाएर कार्यक्रम बाँड्ने र शिक्षा मन्त्रालयसमेत यस्तो कार्यमा संलग्न हुने प्रवृत्ति मौलाएको कारण विदेशी विश्वविद्यालयप्रति विद्यार्थीहरूको आकर्षण बढेको देखिन्छ । बिना पढाई पास हुने, परीक्षा प्रणाली कमजोर रहेकोलगायतले नेपालस्थित विदेशी विश्वविद्यालयको सम्बन्धन प्राप्त कलेजको गुणस्तरको कुरा गर्दा कन्तबिजोग छ भन्नेहरू पनि प्रशस्त छन्, तर पनि कमजोर शिक्षा नीति र विश्वविद्यालयमा चरम राजनीतिक हस्तक्षेप र नियुक्ति प्रणालीमा राम्रोभन्दा हाम्रोको परिपाटीले नेपालको निजी कलेज कन्द हुने अवस्थामा पुगेको र सरकारी कलेजसमेत विद्यार्थी अभावको कारण कन्द वा मर्जमा लैजाने अवस्थाले तिव्रता लिएको देखिन्छ । स्मरण रहोस् भारत, चीनलगायत कतिपय देशले आफ्नो देशको मौलिकता र गुणस्तरमा ध्यान दिएको देखिन्छ तर, नेपालको शिक्षा प्रणालीले सैद्धान्तिक ज्ञान त दियो तर, व्यवसायिक र व्यवहारिक शिक्षा भने सकेन । आज शिक्षा क्षेत्रमा यही विषय व्यापक बहसको विषय बनेको छ । यसतर्फ जोड दिनुपर्दछ भन्ने आवाजसमेत उठिरहेको पाइन्छ । एकातर्फ देशको शिक्षा प्रणाली ध्वस्त हुने अर्कोतर्फ स्वदेशको पुँजी शिक्षाको नाममा विदेश पलायन हुने प्रवृति बढ्दो छ ।

नेपालका विश्वविद्यालयको र्‍याकिङ्ग विदेशी विश्वविद्यालयको तुलनामा किन माथि जान सकेन भन्ने सन्दर्भमा गुणस्तरीय, व्यवसायिक एवम् रोजगारमूलक र मौलिक शिक्षाको कमी नै हो । स्वदेशमा बसेर विदेशी फास्टफुडको मोह बढे जस्तै शिक्षा मन्त्रालय र विश्वविद्यालयले विदेशी विश्वविद्यालयसँग सम्बन्धन लिन अनुमति दिन उद्धत हुनु तर, नेपालमा भने अनुमति नदिने, अनुमति प्राप्त कलेजको समेत कमजोर अनुगमनले समग्र शिक्षा प्रणालीलाई नै चुनौति दिएको देखिन्छ । विदेशी विश्व विद्यालयसँग सम्बन्धित कलेजको विस्तार आन्तरिक विश्वविद्यालयको स्थिति चिन्ताजनक हुनुमा विश्व व्यापीकरण मात्र हैन बरु नेपालमा देखिएको चरम राजनीतिकरण र विश्वविद्यालयप्रति हुने राजनीतिक नियुक्ति, हस्तक्षेप, परीक्षा र नतिजामा हुने ढिलासुस्ती नै हो भन्नुमा अत्युक्ति नहोला ।

व्यावसायिक शिक्षाको नाममा विदेशी चालचलन, संस्कृति, जीवनशैली, परीक्षा पद्धति र अन्य सुविधालगायतले समेत नेपालका युवाहरूलाई विदेशी जान एकातर्फ उत्प्रेरित गरेको छ भने अर्कोतर्फ स्वदेशका विश्वविद्यालयको गुणस्तर, बेरोजगार र सरकारको शिक्षा नीतिले भोलिका दिनमा नेपालको धर्म, संस्कृति नै लोप हुने अवस्थाप्रति सम्बन्धित निकाय बेलैमा चनाखो हुन ढिला भइसकेको छ । प्लस टु सकेपछि किन विदेशिने चलन बढ्यो, किन विदेशी विश्वविद्यालयको स्वीकृति नेपालमा बढ्यो र किन स्वदेशका विश्वविद्यालय बन्द हुने अवस्थामा पुग्दैछन् भन्नेतर्फ राष्ट्रिय स्तरमै गोलमेच सम्मेलन गरी नयाँ नीति नबनाउने हो भने ब्रेनड्रेनको समस्या विकराल हुनुको साथै नेपालको शिक्षा प्रणाली थप कमजोर हुनेतर्फ बेलैमा सचेत हुनुपर्ने देखिन्छ ।



*हाल १२ कक्षा पास गरेका विद्यार्थीमध्ये करिब ८० प्रतिशत बाहिरी मुलुक जाने तरखरमा देखिन्छन् । यसको संकेत हो अब विद्यार्थीको चरम अभावले कलेज बन्द हुने स्थिति विकराल बन्दैछ । नेपालका विश्वविद्यालयले कलेजको इजाजत र शैक्षिक कार्यक्रमको इजाजत दिन आनाकानी गर्ने, मौका मिलेसम्म ठूलो रकम घुस खाएर कार्यक्रम बाँड्ने र शिक्षा मन्त्रालयसमेत यस्तो कार्यमा संलग्न हुने प्रवृत्ति मौलाएको कारण विदेशी विश्वविद्यालयप्रति विद्यार्थीहरूको आकर्षण बढेको देखिन्छ ।*

नेपालको उच्च शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको त्रिभुवन विश्वविद्यालय आज अनेक समस्याले ग्रस्त भएको छ । देशभर क्याम्पसहरूको विस्तार गरेर पनि नपुगेकोले निजी क्याम्पस खुल्दै आइरहेका थिए । विश्वविद्यालय र अन्तरगतका क्याम्पसहरूले विद्यार्थी भर्नाको चाप प्रत्येक वर्ष थेग्दै आइरहेका थिए । विश्वविद्यालयअन्तर्गतका क्याम्पसहरूमा विद्यार्थीको चाप आवश्यक कोटाभन्दा बढी थियो, सिम्याट उत्तीर्ण गरेर पनि सरकारी कलेजमा भर्ना पाउन विद्यार्थीलाई हम्मेहम्मे पर्ने अवस्था रहेकोमा विगत दुई वर्षदेखि विद्यार्थी भर्ना घटेको छ । विद्यार्थी भर्ना सरकारी कलेजमा मात्र घटेको नभई त्रिभुवन विश्वविद्यालयलगायत देशभरमा रहेको विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजमा समेत विद्यार्थी भर्ना न्यून रहेबापत पुनः सिम्याट वा पुनः परीक्षा लिँदासमेत विद्यार्थी संख्या कोटाअनुसार नपुगेको अवस्थाले सरकार, विश्वविद्यालय र कलेज सञ्चालकहरू समेत पछिल्लो समय शिक्षा क्षेत्रको भविष्य के हुने हो भनेर निकै चिन्तित बनेको देखिन्छ ।

विशेषगरी विद्यार्थी विदेश जानुपर्ने केही कारणहरू खोज्दा व्यवसायिक शिक्षाको अभाव, रोजगारीको अभाव, सरकारी कलेजमा पूर्वाधारको अभाव, नियमित पढाईको अभाव, समयमा परीक्षा नहुने, परीक्षा भए पनि परिणामको लागि एक वर्षभन्दा पनि बढी कुर्नुपर्ने कारण अनाहकमा विद्यार्थीहरूको अमूल्य समय नष्ट भएको देखिन्छ । एकातर्फ पाठ्यक्रममा समयअनुकूल सुधार गर्दै व्यवसायिक शिक्षा अर्थात् सैद्धान्तिकभन्दा व्यवहारिक शिक्षामा जोड नदिएको देखिन्छ भने अर्कोतर्फ छात्रावास, पुस्तकालय, प्रयोगशाला आदिको पर्याप्त व्यवस्था हुन सकेको देखिन्न, साथै प्राप्त डिग्रीको आधारमा रोजगारीको समेत व्यवस्थामा सुधार भएको देखिँदैन । उच्च शिक्षा प्राज्ञिक हुनुपर्नेमा प्रशासनिक भएको देखिन्छ । अपवादलाई छोडेर निजी क्याम्पसहरूमा पनि पर्याप्त भौतिक सुविधाको अभाव छ भने चर्को शुल्कलाई थेग्न सक्ने अवस्थासमेत छैन । सहर बजारमा उच्च र मध्यम वर्गीयको पहुँचमा निजी क्षेत्रबाट सञ्चालित महँगा कलेजहरू छन्, जुन सामाजिक मागको नीति विपरित देखिन्छन् ।

त्यसो त विद्यार्थीहरूको शैक्षिक गुणस्तरमा सुधार हुन नसक्नुको कारणहरूमा पर्याप्त बजेट बिनियोजनको अभाव, कलेजका अधिकांश प्राध्यापकहरू सरकारी कलेजमा हाजिर गरेर आर्थिक लाभलाई मध्यनजर गर्दै निजी कलेजमा अध्यापन गर्ने, राजनीतिक हस्तक्षेप, बेला बेलामा हुने तालाबन्दी, चुनावलगायत शैक्षिक क्यालेण्डरलाई अस्तव्यस्त बनाएको हुँदा समेत शैक्षिक गुणस्तर दिन प्रतिदिन खस्कँदो अवस्थामा पुगेको देखिन्छ । एक त विश्वविद्यालयका पदाधिकारी नियुक्तिमा भागबन्डा र नियुक्ति भै हाल्यो भने पनि तालाबन्दी गरी काम नै गर्न नदिने परिपाटीले विश्वविद्यालय अगाडि बढ्ला र ?

विभिन्न विश्वविद्यालयबाट सञ्चालित आङ्गिक कलेजहरूमा हाल विद्यार्थीको संख्या तथ्यरूपमा घटेको भएतापनि आर्थिक प्रलोभनको कारण सम्बन्धन थप्ने कार्यसमेत भएको भन्नेहरूको समेत कमी छैन । अहिलेको विश्वविद्यालयहरूको मुख्य चुनौति भनेको १२ कक्षा पास गर्दा बित्तिकै विद्यार्थीहरू विदेश किन जान्छन् र यसलाई कसरी रोक्ने भन्ने नै हो । विद्यार्थी मुलुक बाहिर जानुको चार वटा मुख्य कारणहरू छन्, जसमा प्रथम कारण गुणस्तरीय शिक्षाको खोजी, दोस्रो व्यवसायिक शिक्षाको खोजी, तेस्रो रोजगारीको खोजी, चौथो केहीमा परिवारबाट अलग हुँदाको स्वतन्त्रता, विलासिता र मनोरञ्जन मोह र साथीभाईको प्रभाव देखिन्छ, फलस्वरूप नेपालको करोडौं विदेशी मुद्रा बाहिरिएको छ । ब्रेन ड्रेनको समस्या तिव्र हुने गरेको छ । तसर्थ, विश्वविद्यालय सुधारको लागि र युवाहरूलाई विदेश पलायन हुनबाट रोक्नको लागि तत्कालै सम्बन्धित निकायले केही कुरामा विशेष ध्यान दिनुपर्छ, तबमात्र गुणस्तरीय एवम् व्यवसायिक र रोजगारमूलक शिक्षाको अपेक्षा गर्न सकिन्छ ।

त्रि.वि.वि.लगायत हरेक विश्वविद्यालयको संरचनागत सुधार, राजनीतिक हस्तक्षेपबाट मुक्तगरी स्वायत्त संस्थाको रूपमा विकास गर्ने, व्यवसायिक एवम् व्यवहारिक शिक्षामा जोड, अनुसन्धानमुलक बनाउने, सम्बन्धनलाई नियन्त्रण गर्दै समयसापेक्षा भौतिक संरचनामा सुधार गर्ने, परीक्षा समय र नतिजालाई समयमा प्रकाशन गर्ने, नियुक्तिको मापदण्डलाई कार्यान्वयन गर्दै भागबन्डाको संस्कृति र राजनीतिक हस्तक्षेपलाई हटाउने, अनुगमनलाई तिव्रता दिने, स्थायी शिक्षकलाई अन्य निजी कलेजमा अध्यापन गर्न निरुत्साहित गर्नको लागि आर्थिक प्याकेजमा वृद्धि गर्ने, विश्वविद्यालय प्राविधिक र अप्राविधिक शिक्षाको मात्र केन्द्र नभई चेतना, सोच र शिक्षाको थलोसमेत भएको हुँदा विद्यार्थीसँग मनग्य अन्तरक्रियाको वातावरण कायम गर्ने, भौतिक पुस्तकालयलगायत इ लाईब्रेरिसमेतको पर्याप्त व्यवस्था गर्ने, विश्वविद्यालयमा व्यवस्थित र सुरक्षित आवास गृहको व्यवस्था गर्ने, विद्यार्थीमैत्री र प्रविधिमैत्री वातावरण सिर्जना गर्ने, राजनीतिक नियुक्ती र कार्यकर्ता भर्तीकेन्द्र अर्थात् हाम्रो होइन की राम्रो व्यक्तिको खोजी गर्ने, विश्वविद्यालयलाई विद्यार्थी केन्द्रित बनाउने नकि राजनीतिक दल केन्द्रित, विदेशी विश्वविद्यालयलाई नेपालमा इन्ट्री बन्द गर्ने, शिक्षा आर्जन गरेपछि रोजगारीको लागि नेपाल मै पर्याप्त अवसर छ भन्ने सुनिश्चितासहितको शिक्षा दिने वातावरणको सिर्जना गर्ने कार्ययोजनासहितको कार्यान्वयनले मात्र नेपालका विश्वविद्यालयहरूको सुधारको अपेक्षा गर्न सकिन्छ ।

*(डा. वशिष्ठ, बैंक तथा वित्तीय संस्थाका विज्ञ एवम् हाल नेशलन ओपन कलेजका प्राचार्यसमेत हुन् ।)*

## सामाजिक सञ्जाल



- मुमाराम खनाल

आफै १७ वर्षदेखि कुशासन चलाउने, भ्रष्टाचारमा रेकर्ड तोड्ने, लोकतान्त्रिक संस्थामाथि आक्रमण गर्ने, स्वेच्छाचारिता र दलतन्त्रबाट व्यवस्थालाई बदनाम गर्ने । अझ सबै कुशासनका मतियारहरू जम्मा भएर व्यवस्थाविरुद्ध आक्रमण भयो, बचाउनुपर्‍यो रे ! खासमा व्यवस्थालाई बचाउनुपर्ने यिनीहरुबाटै हो ।



- सुर्यराज आचार्य

जतिसुकै विशेषणयुक्त भए पनि जनताका न्यूनतम अपेक्षा सम्बोधन गर्न नसक्ने व्यवस्थामाथि प्रश्न उठ्छ नै । 'व्यवस्थाभन्दा व्यवस्था हाँक्ने व्यक्ति गलत' भन्ने कुरा पनि उठ्ला । तर फेरि भ्रष्ट/नालायक व्यक्तिलाई नै सत्तामा पुर्‍याउने व्यवस्था/संरचना कस्तो भन्ने प्रश्न पनि छ नि ! बिमर्श गरौं !



- निर्मल प्रसाइँ

काठमाडौंको सिंहदरबार भन्छ- उद्धार र राहतमा सरकारले गम्भीरतापूर्वक पहलकदमी लिएको छ । जाजरकोटको सिंहदरबार भन्छ- त्रिपाल, कम्बल, ब्ल्याङ्केट, भाँडाकुँडा, खाद्यान्नको अभाव छ । जो स्थलगत रिपोर्टले पनि देखाउँछ । संघीयता भनेको अधिकार विकेन्द्रीकरण हो भन्थे, कहाँ गयो विकेन्द्रीकरण ?



- ऋषि खरेल

बोल्न पाइस भन्छन्, खान दिँदैनन् । लेख्न पाइस भन्छन्, काम दिँदैनन् । हिँड्न पाइस भन्छन् सुरक्षा दिँदैनन् । स्वतन्त्रता पाइस भन्छन्, संजाल नियन्त्रण गर्छन् । सामाजिक न्याय भन्छन्, हत्यारा छुटाउछन् सुशासन भन्छन्, सुन तस्कर समाउँदैनन् । समृद्धि भन्छन्, तुईन हटाउँदैनन् । व्यवस्था विरोधी आफैं हौं । ऐना हेर !

# कूटनीतिमा सफल प्रचण्ड

विचार



● ईश्वरचन्द्र ज्ञवाली

*प्रचण्डको नेतृत्वमा छिमेक सम्बन्ध मात्रै होइन, अन्तर्राष्ट्रिय क्षेत्रसँग पनि सम्बन्ध विकास गर्ने सवालमा ठूलो सफलता प्राप्त भएको देखिन्छ । अहिले छिमेक सम्बन्ध निकै सन्तुलित छ भने अन्तर्राष्ट्रियरूपमा पनि नेपालको पहिचान बेग्लै बनेको छ । अन्तर्राष्ट्रियरूपमा नेपालको परिपक्व कूटनीति उपस्थितिले नेपाललाई निकै उचाईमा पुर्‍याएको छ ।*

कूटनीतिमा पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्व जत्तिको सफल अरु देखिएनन् । भारत, चीन, युएन्, अमेरिका सबैसँग अहिले सन्तुलित सम्बन्ध कायम गरिएको छ र अन्तर्राष्ट्रियरूपमा नेपालको परिपक्व कूटनीति उपस्थिति पनि देखिएको छ । यसपटक जस्तो अघिल्ला कार्यकालमा उनले काम गरेको भए, जनयुद्धमा होमिएर सबथोक गुमाएका सबै माओवादी कार्यकर्ताको उचित व्यवस्थापनमा पनि ध्यान दिएको भए योभन्दा धेरैमाथि माओवादी उक्लिन सक्थ्यो । पार्टीमा यस्तो शिथिलता, निराशा र निष्क्रियता पनि आउने थिएन अनि चलायमान पनि रहन्थ्यो । फलतः पार्टी आजसम्म पहिलो शक्तिमा स्थापित पनि भइसक्ने थियो ।

जे होस्, ढिलो भए पनि प्रचण्डले देश र जनताका सामयिक ज्वलन्त समस्याका साथै, दीर्घकालीन सुदूर प्रभाव पार्ने समस्यामा समेत केन्द्रीकृत भएर अहिले जति काम गरेका छन्, त्यसले आम जनतामा सकारात्मक प्रभाव पारेको छ । अनि आशा पनि पलाएको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय दुबै कुटनीतिक सम्बन्धले दिएको यो राम्रो सन्देश जनताको जीविकोपार्जनका समस्यामा पनि देखिनु अत्यावश्यक नै छ ।

हालै भूकम्प पीडितलाई प्रत्यक्ष सहयोग र जुन भावनात्मक संवेदना देखाउनु भयो, त्यो प्रचण्डको मानवीय संवेदनशीलताको उदात्त प्रस्तुति नै हो । यसैगरी, युवा र प्रतिभाको विदेश पलायनको समस्या पनि अत्यन्त जटिल भइसकेको छ । यसबारे तत्काल उच्चस्तरीय अधिकार सम्पन्न विशेषज्ञ टिम बनाई समाधान खोज्नुपर्छ ।

तर, कर्मचारीतन्त्रको निकम्मापन, भ्रष्टाचारी संस्कार, ठग र बेइमान प्रवृत्तिले परिणाम दिने विषयमा भने समस्या देखाएको छ । त्यस्तै, ठेकदार (वास्तविकरूपमा ठगदार)हरूले विकास निर्माणमा ढिलाइ र ठगी, सुस्तता र बेइमानी गरी सबै योजना अलपत्र पार्ने प्रवृत्तिलाई सुधार र रूपान्तरण गर्न नसके सबै कुरा परिणाममा निष्फल मात्रै साबित हुनेछन् । यता पनि युद्धस्तरीय बदलाव चाहिएको छ । अहिले प्रधानमन्त्रीले गरेका पहललाई सम्मान र उत्प्रेरित गर्दै यो प्रचण्ड प्रतिभालाई देशले चिन्नु तथा पुरापुर उपभोग एवम् आत्मसात् गर्नु नै देशको हितमा छ ।

प्रचण्डको नेतृत्वमा छिमेक सम्बन्ध मात्रै होइन, अन्तराष्ट्रिय क्षेत्रसँग पनि सम्बन्ध विकास गर्ने सवालमा ठूलो सफलता प्राप्त भएको देखिन्छ । अहिले छिमेक सम्बन्ध निकै सन्तुलित छ भने अन्तराष्ट्रियरूपमा पनि नेपालको पहिचान बेग्लै बनेको छ । अन्तर्राष्ट्रियरूपमा नेपालको परिपक्व कूटनीति उपस्थितिले नेपाललाई निकै उचाईमा पुर्‍याएको छ । जुन नेपालका लागि दीर्घकालिनरूपमै फाइदाको विषय हो ।

*(ज्ञवाली, माओवादी केन्द्रका नेता हुन् ।)*

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | जोखिम भएको कार्यमा नोक्सान हुनेछ । पारिवारिक विवादले अशान्ति पैदा गर्छ । |
| वृष : | नाता-गोतासँग मनमुटाव रहनेछ । आहारमा ध्यान दिनुहोला । |
| मिथुन : | अनावश्यक खर्चको योग छ । वाहन सावधानी राख्नुहोला । |
| कर्कट : | लापरबाहीले गर्दा अशान्ति र रुकावटको योग छ । |
| सिंह : | आर्थिक कार्यहरुमा अनुकूल प्रगति हुनेछ । बढी व्यस्तता रहने समय छ । |
| कन्या : | सबै कार्यहरुमा धैर्य राख्नुपर्छ । वाणी सन्तुलित राख्नुहोला । |
| तुला : | पदोन्नतिको योग छ । दाजुभाईको राम्रो सहयोग प्राप्त हुनेछ । |
| वृश्चिक : | अनावश्यक विवादको योग छ । सामाजिक कार्यमा वृद्धि हुनेछ । |
| धनु : | सबै कार्यमा विनम्रता र धैर्य राख्नुपर्छ । सफलताको योग छ । |
| मकर : | हतारमा कुनै निर्णय नलिनु होला । धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| कुम्भ : | व्यापारिक कार्यमा लाभ हुनेछ । लगानी बढ्दै जानेछ । |
| मीन : | पारिवारिक विवादको योग छ । यात्रा सफल र सुखद रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# रूकुम पश्चिम डायरी

प्रचण्ड खत्री/मध्यान्ह

## बाँफिकोट गाउँपालिकामा राहत वितरण



रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकाले राहत वितरण गरेको छ । नेपाल सरकारबाट प्राप्त भएको राहत गाउँपालिकाका केही वडामा पठाइएको गाउँपालिकाले जनाएको छ । वडा अध्यक्षको रोहवरमा राहत सामग्री पठाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दुर्गाबहादुर ओलीले जानकारी दिए ।

नेपाल सरकारले पठाएको त्रिपाल २ सय ७० पिस, ब्ल्यांकेट २ सय ५०, चामल २० बोरा, दाल १२ बोरा, तेल १० पेटी वडा नम्बर ६ , ७, ८ र १० नं वडामा पठाइएको गाउँपालिकाकी उपाध्यक्ष तारा बुढा केसीले बताइन् । ती वडामा ५० पिसका दरले त्रिपाल, ४० वटाका दरले बल्यांकेट वितरण गरिएको छ। वडाका जनप्रतिनिधिको रोहबरमा राहत सामग्री वितरण गरिएको छ । भूकम्पले पुऱ्याएको क्षतिको आधारमा राहत वितरण गरिएको हो ।

## भूकम्पबाट प्रभावित सुत्केरीलाई राहत



